# बैजनाथ गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय, बाँके

बैजनाथ गाउँपालिका, बाँके को आर्थिक बर्ष २०७५/७६ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन ।

सभाबाट स्वीकृत मिति : २०७५/०३/३२

**प्रस्तावना :**

बैजनाथ गाउँपालिका, बाँकेको आर्थिक बर्ष २०७४/७५ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२९ को उप–धारा (२) बमोजिम बैजनाथ गाउँपालिका, बाँकेको गाउँ सभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ :**

(१) यस ऐनको नाम "बैजनाथ गाउँपालिका, बाँकेको विनियोजन ऐन, २०७५" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. **आर्थिक वर्ष २०७५/७६ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकार:**

(१) आर्थिक वर्ष २०७५/७६ को निमित्त गाउँ कार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची १ मा उल्लिखित चालू खर्च, पूँजिगत खर्च र बित्तिय व्यवस्थाको रकम समेत गरी जम्मा रकम ४७२५७६०००।००(रुपैयाँ सतचालिस करोड पच्चीस लाख छयाहत्तर हजारमात्र) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ ।

३. **विनियोजन :**

(१) यस ऐनद्वारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०७५/७६ को निमित्त बैजनाथ गाउँपालिका, बाँकेको गाउँ कार्यपालिका, वडा कार्यालय र विषयगत शाखा तथा इकाइले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कार्यपालिका, वडा कार्यालया र विषयगत शाखा तथा इकाइले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकममध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा गाउँ कार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ। यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको १० प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ । पूँजिगत खर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षकतर्फ सार्न र बित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्चतर्फ बिनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन । तर चालु तथा पूँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको १० प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा गाउँ सभाको स्वीकृति लिनु पर्नेछ ।

अनुसूची १

दफा २ को उपदफा (१) संगसम्बन्धित

गाउँ कार्यपालिकाको कार्यालय, बाँके

**आय व्ययको बिबरण**

## आर्थिक वर्ष : २०७४/७५

रकम रू. हजारमा

| **शीर्षक** | | **आर्थिक वर्ष २०७३/७४को यथार्थ** | **आर्थिक वर्ष २०७४/७५ को संशोधित अनुमान** | **आर्थिक वर्ष २०७५/७६ को अनुमान** |
|---|---|---|---|---|
| आय | | | | ४७२५७६ |
| राजस्व | | | | |
| आन्तरिक श्रोत | | | | २३००० |
| राजस्व बाँडफाँडबाट प्राप्त रकम | | | | ९९३४६ |
| अन्य आय | | | | ० |
| अन्तर सरकारी वित्तीय हस्तान्तरण | | | | ३१३६०० |
| जनसहभागिता | | | | २१४३० |
| | | | | |
| व्यय | | | | |
| | चालु खर्च | | ४७२५७६ | २४६६६९.१ |
| | पूंजीगत खर्च | | २५२१३१.१ | १९८८१४.९ |
| बजेट बचत (+)/न्यून (-) | | | | २२०४४.९ |
| | | | | |
| वित्तीय व्यवस्था | | | | |
| | **खुद ऋण लगानी** | | वित्तीय व्यवस्था | |
| | ऋण लगानी (-) | | | |
| | ऋण लगानीको सावाँ फिर्ता प्राप्ती (+) | | | |
| | **खुद शेयर लगानी** | | | |
| | शेयर लगानी (-) | | | |
| | शेयर बिक्रीबाट लगानी फिर्ता प्राप्ती (+) | | | |
| | **खुद ऋण प्राप्ती** | | | |
| | ऋणको साँवा भुक्तानी (-) | | | |
| | ऋण प्राप्ती (+) | | | |
| अन्तिम बजेट बचत (+)/न्यून (-) | | | | |